"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल।

प.सं. ०७७/७८
च.नं.

सूर्योदय नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, फिक्कल, इलाम

## तीनपाङ्ग्रे सवारी साधनको दर्ता सूचीकरण सम्बन्धी सूचना

अन्तिम पटक प्रकाशित मिति २०७७।०५।०४

सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६ को दफा १३ को उपदफा (१) बमोजिम प्रत्येक तीनपाङ्ग्रे सवारी साधन सवारी ऐन र नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवम् नवीकरण भई नगरपालिकामा अनुसूची १ को ढाँचामा निवेदन दिई सूचिकरण भई रुट परमिट समेत लिई नियमानुसार नवीकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिका क्षेत्रभित्र सञ्चालित तीनपाङ्ग्रे सवारी साधनहरु यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायमा उल्लेखित कागजातहरुका साथ यस नगरपालिकामा सूचिकरण गर्न सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु :**

क) अनुसूची (१) बमोजिमको ढाँचामा निवेदन दिने
ख) राजश्व तिरेको रसिद
ग) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गरिएको प्रमाण पत्र
घ) भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरको प्रतिलिपि
ङ) सवारी धनीको नागरिकता प्रमाण पत्र र सवारी चालक इजाजत पत्रको प्रतिलिपि
च) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
छ) आयकर दर्ताको कागजात र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
ज) सवारी साधनको इन्जिन, च्यासिजको फोटो
झ) सवारी साधन कार्यालयमा ल्याई चेकचाँच गरेको प्रमाण
ञ) वीमाको कागजातको प्रतिलिपि
ट) सवारी कर, आयकर तिरेको प्रमाण
ठ) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुनेहरूको हकमा वित्तीय संस्थाहरुको दर्ता प्रमाण पत्र, आयकर करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि
ड) सवारी धनी स्वयं उपस्थित हुनु पर्नेछ ।

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत


सम्पर्कः ०२७-५४०२१४,५४०४७३
इमेल :suryodayamun@gmail.com, info@suryodayamun.gov.np | बेवसाइट :www.suryodayamun.gov.np